श्री

# बझाङ जिल्ला अदालत

चैनपुर, बझाङ

(प्रशासन शाखा) info.dcbajhang@supremecourt.gov.np

पत्र संख्या -२०७६/०७७ फोन नम्बरः- ०९२४२१०१२

बझाङ जिल्ला अदालत चैनपुर

सूचना सूचना सूचना

बिषयः बैतनिक कानून व्यवसायीको दरखास्त आवह्वान गरिएको सम्वन्धमा।

उपरोक्त सम्वन्धमा यस अदालतको मिति २०७७।४।६ गतेको निर्णयानुसार मिति २०७७।५।३ देखि रिक्त हुने बैतनिक कानून व्यवसायी पदमा रही कामकाज गर्न इच्छुक अधिवक्ताहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस अदालतमा दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

१) पदः बैतनिक कानून व्यवसायी।

२) अवधिः एक बर्ष।

३) मासिक पारिश्रमिकः कानूनमा तोकिए बमोजिम।

४) प्रदान गर्नुपर्ने सेवाः जिल्ला अदालत नियमावली, २०७५ तथा बैतनिक कानून व्यवसायीको नियुक्ति तथा सेवाका शर्तसम्वन्धी निर्देशिका, २०७२ मा तोकिए बमोजिम।

५) दरखास्तसाथ संलग्न हुनुपर्ने कागजातहरूः

- कानूनमा स्नातक तह उत्तीर्ण गरेको लव्धाङ्कपत्र तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि।
- अधिवक्ता प्रमाणपत्रको प्रतिलिपि।
- सम्वन्धित विषयमा कुनै तालिम प्राप्त गरेको भए सोको प्रतिलिपि।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

६) छनौटको किसिमः अन्तर्वार्ता र कानूनमा तोकिएका अन्य आधारमा हुने। अन्तरवार्ताका दिन संलग्न कागजातको सक्कलै लिई आउनु पर्नेछ।

७) नियुक्ति लिने अवधिः नियुक्तिका लागि छनौट भएका उमेद्वारले छनौट भएको ७ दिन भित्र नियुक्ति लिन आउनु पर्नेछ।

सूचना प्रकाशित भएको मितिः २०७७।०४।०६

माधवप्रसाद लोहनी
स्रेस्तेदार
बझाङ जिल्ला अदालत